जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

लैङ्गिक हिंसा विरूद्ध विशेषाङ्क

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- १८, २०८१ मंसिर २७ गते विहीबार, 12 Dec. 2024, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

चित्रमार्फत सचेतना

लैङ्गिक हिंसा विरूद्ध

सचेत पार्दै खबरदारी गर्दै सरोकारवालाहरू



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर महिला समूहले लैङ्गिक हिंसा विरूद्ध १६ दिने अभियान अन्तरगत विभिन्न सचेतनामुलक कार्यक्रम गरेको छ ।

समूहले जिल्लाको मनहरी गाउँपालिकामा र हेटौंडा उपमहानगर पालिकामा विभिन्न सचेतनामूलक कार्यक्रम गरेको हो । अभियानको अन्तिम दिन १० डिसेम्बरमा मनहरी गाउँपालिका उपाध्यक्ष रेखा पुलामी मगरलाई श्रमिक महिलाको हक अधिकार र न्यायको सवालमा ध्यानाकर्षण गराएको समूहको कार्यक्रम संयोजक निशा लामाले बताइन् ।

समूहले गाउँपालिका उपाध्यक्ष पुलामीलाई ध्यानाकर्षण गराइएको हो। यसैगरी सोही दिन मकवानपुर महिला समूहले न्यायिक समितिको काम कर्तव्य र जिम्मेवारीबारे होडिङ्ग बोर्ड निर्माण गरी पुलामीलाई हस्तान्तरण गरेको छ ।

स्थानीय सरकारको रूपमा रहेको न्यायिक समितिको काम कर्तव्य र जिम्मेवारी बारे जानकारी नहुदाँ विभिन्न प्रकारको हिंसामा न्याय निरूपण नहुने गरेको अवस्थालाई मध्यनजर गरेर होडिङ्ग बोर्ड निर्माण गरिएको समूको अध्यक्ष कमला सुवेदीले बताइन् ।

यसैगरी विभिन्न प्रकारको हिंसा तथा अन्ययमा परेकाहरूलाई सेवामा छिटो छरीतो बनाउनको लागि सेवा प्रदायक निकायबीच समन्वय र प्रेषण प्रणालीलाई प्रभावकारी बनाउनको लागि यसबारे निर्माण गरिएको ब्रुसर विमोचन गरिएको छ ।

मकवानपुर महिला समूहले ९ डिसेम्बरमा हेटौंडाको मुख्यचोक (बुद्धचोक)मा चित्रकला प्रर्दशनी गरेको छ। जिल्लाको विभिन्न विद्यायलयहरूमा जलवायू परिवर्तनको सवालमा गरिएको चित्रकलाबाट उत्कृष्ट भएका चित्रहरू बुद्धचोकमा प्रदर्शनी गरिएको हो ।

बेटर चितवन मकवानपुर समूहको नेतृत्व र एक्सन एडको आर्थिक सहयोग र मकवानपुर महिला समूहको आयोजनामा चित्रकला प्रतियोगित गरिएको थियो । उत्कृष्ट ४ वटा चित्रकारहरूलाई हेटौंडा उपमहानगरपालिका प्रमुख मिना लामाले पुरस्कार वितरण गरिन । जलवायु न्यायका लागि अहिले नै कदम चालौं भन्ने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको हो । नगरप्रमुख लामाले वातावरण सफा राख्नु सबैको दायित्व र जिम्मेवारी रहेको बताउँदै बाल्यवस्था देखि नै वातावरणीय सरसफाइबारे सचेत हुनुपर्ने बताइन् । यसो भएमात्रै जलवायुको न्याय हुने उनले बताइन्। सोही अवसरमा हेटौंडा ४ स्थित हेटौंडा क्याम्पसमा आयोजित चित्रकला प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीलाई पुरस्कृत गरिएको छ । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमश: ४ हजार रूपैयाँ, ३ हजार रूपैयाँ, २ हजार रूपैयाँ र एक हजार रूपैयाँसहित प्रमाणपत्रले पुरस्कृत गरिएको छ । हेटौंडा ५ स्थित जिएस निकेतनकी छात्रा आरोही राई प्रथम, हेटौंडा ४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयकी इशु थारू द्वितीय भएका थिए। यस्तै हेटौंडा ४ कै नवोदय शिशु सदनकी एन्जल थापा तृतीय र हेटौंडा २ स्थित बालजागृति इङ्लिस सेकेन्डरी बोर्डिङ स्कुलका सुमित साह सान्त्वना हुन सफल भएका छन् । प्रतियोगितामा १२ वटा विद्यालयका २४ जना विद्यार्थी सहभागी थिए । कार्यक्रममा खुला हाजिरीजवाफ प्रतियोगिता समेत आयोजना गरिएको थियो ।



मकवानपुर । हिंसा सामाजिक विकासको बाधक हो। लैङ्गिकताको आधारमा गरिने कुनै प्रकारको हिंसा/विभेदले व्यक्तिको व्यक्तित्व विकासमा मात्रै बाधा सिर्जना गर्दैन यसको असर समाज र सिङ्गो राज्यमा प्रत्यक्ष रूपमा पर्छ ।

यस्तै हिंसाको विरोधमा मनाइने १६ दिने अभियानलाई अभियानकर्मीले पर्वको रूपमा मनाउँदै प्रचारप्रसार र जनचेतनालाई थप मजबुत बनाउने गर्छन् ।

यसै साता सुरू भएको यो (लैङ्गिक हिंसा विरूद्धको १६ दिने) अभियानका क्रममा मकवानपुरका अधिकारकर्मीहरूले हस्ताक्षर संकलन, दीप प्रज्वलन, ध्यानाकर्षण, सेतो रिवन अभियान जस्ता कार्यक्रम गरेका छन् । साथै विभिन्न रचनात्मक कार्यक्रमहरू समेत गरिएका छन् ।

हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता भन्ने नाराका साथ सोमबारबाट सुरू भएको ३३ औं अन्तर्राष्ट्रिय लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान २०२४ को पहिलो दिन साँझ हेटौंडाको बुद्ध चोकमा दीप प्रज्वलन गरियो ।

हरेक वर्ष २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म मनाइने अन्तर्राष्ट्रिय लैङ्गिक हिंसा विरूद्धको १६ दिने अवसरमा दीपावली गरिएको हो । मानव अधिकार संरक्षण तथा मानव बेचविखन विरूद्धको जिल्ला सञ्जालको नेतृत्वमा आयाजना गरिएको दीपावली कार्यक्रममा अभियानकर्मीहरूले आफूहरू वर्षेभरी हिंसा विरूद्धको अभियानमा लागिरहेको र यो दिवस विशेष कार्यक्रमलाई पर्वको रूपमा मात्रै प्राथमिकता दिने गरेको बताए ।

जिल्ला प्रहरी कार्यालयका डिएसपी श्यामु अर्यालले दीपावली गर्दै कार्यक्रम उद्घाटन गरेका थिए ।

अभियानको क्रममा माइती नेपाल मकवानपुरले हिंसा विरूद्ध हस्ताक्षर संकलन समेत गरेको छ ।

मानव बेचविखनबाट प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती र सामाजिक पुनर्स्थापनाका लागि मानक सञ्चालन कार्यविधि अविलम्ब कार्यान्वयन गर्नका लागि सरकारसंग माग गर्दै हस्ताक्षर संकलन गरिएको माइती नेपाल मकवानपुर प्रमुख माया तामाङले बताइन् ।

म हिंसा सहन्न, हिंसा गर्दिन, हिंसाको प्रतिकार गर्छु भन्ने प्रतिवद्धता सहित सरोकारवालाहरूलगायत प्रहरी तथा विद्यार्थीहरूले अभियानमा ऐक्यबद्धता जनाएका थिए । १६ दिनसम्म संकलन गरिएको हस्ताक्षर अभियान समाप्तिपछि प्रमुख जिल्ला अधिकारीलाई बुझाइने सञ्जालको सह संयोजक तथा माइती नेपाल मकवानपुर प्रमुख तामाङले बताइन् ।

कार्यक्रममा सञ्जाल संयोजक आरती पाठकले आफूहरू वर्षेभरी हिंसा विरूद्धको अभियानमा लागिरहेको भए पनि यो १६ दिन पर्वको रूपमा मनाउने गरिएको बताइन् ।

यसैगरी पहिलो दिन मानव अधिकार संरक्षण तथा मानव बेचविखन विरूद्धको जिल्ला सञ्जालको नेतृत्वमा प्रहरीलाई ध्यानाकर्षण तथा अपिल पत्र बुझाइएको सह संयोजक तामाङले बताइन् ।

प्रहरी कार्यालयबाटै सेतो रिवन अभियान समेत सुरू गरिएको थियो । सञ्जालले मकवानपुर प्रहरी प्रमुख विश्वराज खड्कालाई अनौपचारिक क्षेत्रका महिला श्रमिकहरुको अधिकार, सम्मानपूर्ण र हिंसामुक्त वातावरणको लागी संयुक्त अपिल पत्र हस्तान्तरण गरिएको थियो ।

ध्यानाकर्षण पत्र ग्रहण गर्दै प्रहरी प्रमुख खड्काले हिंसा पीडित प्रभावितलाई न्यायमा पहुंचको लागि सधै समर्थन हुने प्रतिबद्धता व्यक्त गरे ।

संजाल सदस्य मकवानपुर महिला समुहको कार्यक्रम अधिकृत निशा लामाले ध्यानाकर्षण पत्र वाचन गरेर सुनाएकी थिइन् । डिएसपी श्यामु अर्याल समेतको उपस्थिति रहेको कार्यक्रममा गैससस अध्यक्ष र मिला सापकोटा, कोशिश मकवानपुरको पैरवी अधिकृत सुनिरा लामा, माइती नेपाल फिल्ड सुपरभाइजर मन लामा, हिमराद्रस मकवानपुर प्रमुख कुमारी वाइबालगायत सञ्जालका सदस्यहरुको उपस्थिति रहेको सचिव तथा सेलर्डको कार्यक्रम संयोजक जगन्नाथ सुवेदीले जानकारी दिए ।



माइती नेपाल मकवानपुरद्वारा मानव बेचविखनबाट प्रभावितहरुको उद्दार, स्वदेश फिर्ती र सामाजिक पुनर्स्थापनाका लागि मानक सञ्चालन कार्यविधि अविलम्ब कार्यान्वयन गर्नका लागि सरकारसंग माग गर्दै हस्ताक्षर संकलन

हिंसा विरुद्ध कविता प्रतियोगिता

मकवानपुर । लैङ्गिक हिंसा विरूद्ध १६ दिने अभियानको सन्दर्भमा कविता प्रतियोगिता गरिएको छ । मनहरी गाउँपालिकामित्रका ७ वटा विद्यालयका १४ जना विद्यार्थीहरूले लैङ्गिक हिंसाको विरूद्ध तथा लैङ्गिक समानताको लागि जागरूक हुनु पर्ने सवाल कविता मार्फत प्रस्तुत गरे ।

माइती नेपाल, मकवानपुर महिला समूह र हिमराइद्रस मकवानपुरले सयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा "महिला मानव अधिकार रक्षकको पहिचान:महिला हिंसा विरूद्धको अभियान" भन्ने नाराका साथ आयोजना गरिएको थियो ।

प्रतियोगिताबाट शुष्मा प्रजा, (राष्ठिय मावि, मनहरी), कृषा लो (भोजसिद्ध मावि मनहरी) रेसिका कार्की, (महेन्द्र किरण मावि) र रविना खड्का (भोजसिद्ध मावि मनहरी) क्रमश: प्रथम, दृतीय, तृतीय र सान्वना भएका थिए ।



मावि का विद्यसका अध्यक्ष माधव गौतम, वडा अध्यक्ष प्रकाश थापालगायतको उस्थिती रहेको थियो । प्रतियोगितापछि विद्यालय प्रङ्गणमा गिति नाटक पनि प्रदर्शन गरिएको माइती नेपाल मकवानपुर प्रमुख माया लामाले बताइन् ।

लामाका अनुसार सोही गिती नाटक जिल्लाको बकैया गाउँपालिका ७ जनता माविमा पनि प्रदर्शन गरिएको थियो । सो कार्यक्रममा बकैया गाउँपालिका महिला बालबालिका शाखा प्रमुख होमकुमारी सञ्जेलको उपस्थिती रहेको थियो ।

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
प्रबन्ध व्यवस्थापक :- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

हिंसा विरूद्व ऐक्यवद्धता

व्यक्तिमाथि हुने कुनै पनि अमानवीय व्यवहार हिंसा हो । यो शारीरिक (कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरूप पार्ने, घरबाट निकाला गर्ने) मानसिक (गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुर्‍याउने) वा यौनजन्य (यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबर जस्ती करणी गर्ने, देहब्यापारमा लगाउने) जस्तो सुकै हुन सक्छ । समय र प्रविधिको युगसँगै अहिले त प्रविधिबाट समेत हिंसा हुने गरेको छ । विश्वका धेरैजसो मुलुकमा हिंसा एउटा मुख्य सामाजिक समस्या बनिरहेको छ । विभिन्न प्रकारका हिंसा रोक्न सरकारी तथा गैरसरकारी संघसंस्थाले प्रयास पनि गरिरहेका छन् । कानुनी तथा नीतिगत व्यवस्थाहरू पनि लागू गरिएका छन् तर लिङ्गको आधारमा हुने हिंसा अझै सबैको लागि ठाउको दुखाईको विषय बनिरहेको छ ।

हिंसा न्यूनीकरणका लागि विश्वभर विभिन्न प्रकारका दिवस तथा अभियानहरू सञ्चालन हुने गर्दछन् । यिनै मध्येको लैङ्गिक हिंसाविरूद्व १६ दिने अभियान पनि एक हो । हरेक वर्ष विश्वभर २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म १६ दिने अभियान सञ्चालन गरिँदै आएको छ । कानुनी, नीतिगत व्यवस्थाका साथै सचेतनामूलक कार्यक्रमहरू भइरहँदा हिंसाका घटना भइरहनुले साँच्चै हिंसा बढेको हो वा हिंसाका घटना सार्वजनिक हुने क्रम बढेको भन्ने विषयमा पनि बहस हुने गरेको छ । बढ्दो सामाजिक सञ्जालको प्रयोग र प्रविधिको विकासले हिंसाका रूपहरू झनै जटिल र भयावह हुन थालेका छन् ।

हिंसा व्यक्तिको मात्रै सवाल हैन, यो मानव अधिकारको हनन् र यो राज्यको लागि कलंक हो । हिंसाका दोषीहरूलाई आवश्यक सजाय दिलाउने सवालमा यस्ता दिवस र अभियानमा विशेष सार्थक हुनुपर्छ। सामाजिक संस्कारका कारण, लिङ्गकै कारण, वा जात, धर्म, वर्गको कारण कसैमाथि हिंसा गर्न पाइदैन । हिंसा विरूद्वको अभियानमा सबैको व्यक्तिमात्रै हैन, समाज तथा आमसबैको ऐक्यवद्धता नै आजको आवश्यकता मात्रै हैन अपरिहार्यता हो।

बागमती प्रदेशको मानव अधिकारको अवस्था



पवनकुमार भट्ट

मानव अधिकारको संरक्षण र सम्बद्धनका लागि तीनै तहका सरकार बाट विविध कामभई रहेका छन । आम नागरिकको मानव अधिकारको संरक्षणका लागि नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना जारी भई कार्यान्वयनको चरणमा रहेको छ । उक्त योजनालाई कार्यान्वयन गराउन तीनै तहका सरकारसँग आयोगले समन्वय गरिरहेको छ । नेपालको संविधानको भाग २५ धारा २४९ को उपधारा १ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण र प्रभावकारी कार्यान्वयनको लागि आयोगले हरसम्भव प्रयास गरि रहेको छ। गास, बास, कपास, शिक्षा, स्वास्थ्यलगायतका आम नागरिकको दैनिक जीवनसंग प्रत्यक्ष सरोकार राख्ने मानव अधिकारका सवालहरु सुधारोन्मुख अवस्थामा रहेको सूचकहरुले देखाई रहेको छ। सडक, संचार, खानेपानी स्वास्थ्यका संरचनाले वडास्तरसम्म समेटने प्रयत्न गरेको छ ।

मानव अधिकार र मानव विकास सूचाङ्कको आधारमा बागमती प्रदेशको काठमाण्डौ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, रसुवा, दोलखा, रामेछाप, सिन्धुली, चितवन र मकवानपुर जिल्लाको भौगोलिक अवस्था, आमनागरिकको जीवनस्तर हेर्दा जिल्ला जिल्लाका नागरिकका बीचमा भिन्नता देखिन्छ । उपत्यकाका तीन जिल्ला काठमाण्डौ, भक्तपुर र ललितपुर बाहेक अन्य जिल्लाको मानव अधिकार अवस्था, सिमान्तकृत वर्गको अधिकार, भौगोलिक विकटता आदिको कारण नागरिकको मानव अधिकार चुनौतीपूर्ण रहेको छ । यस प्रदेशमा महिला अधिकार संरक्षणका लागि केही सकारात्मक प्रयास भएता पनि समाजमा घरेलु हिंसा र सामाजिक विभेद कायमै रहेको देखिन्छ । विद्युतिय माध्यम तथा सामाजिक संजाललाई दुरूपयोग गरी महिला माथि हुने हिंसाका घटना बढ्दै गईरहेका छन । मानव बेचबिखन तथा ओसार पसारका घटनाहरूमा नयाँ नयाँ स्वरुप देखिएका छन । पिछडिएका, अल्पसङ्ख्यक, असहाय तथा अपांगता भएका महिलाहरूको अवस्था दयनीय छ । समाजमा आएको एकल परिवारको बसाईका कारण जेष्ठ नागरिकको अधिकार सुनिश्चित हुन सकेको छैन । ज्येष्ठ नागरिकको लालन पालन, स्वास्थ्य तथा यातायातमा कानुन बमोजि पहुँच पुग्न सकेको छैन ।

यस प्रदेशमा अपांगता भएका व्यक्तिलाई घरपरिवारका मान्छेले विभेद गर्ने गरेको, सरकारी कार्यालय तथा स्थानीय तहका संरचनाहरू अपाङ्गमैत्री नभएको। सार्वजनिक स्थल, सडक मार्ग तथा यातायातका साधन अपाङ्गमैत्री हुन सकेको छैन । घर परिवार तथा विद्यालयमा बालबालिका माथि हिंसाका घटना भईरहेका छन् । बाल विवाह, बाल श्रम कानूनले निषेध गरेतापनि व्यवहारमा कायमै छ भने बालबालिका यौनजन्य हिंसाका शिकार भईरहेका छन । अन्य प्रदेश जस्तै यो प्रदेशमा पनि जातीय छुवाछुत तथा विभेदका घटना भईरहेका छन । ग्रामिण भेगमा मात्र हैन शहरी क्षेत्रमा पनि जातीय विभेदका घटना भईरहेका छन । अहिलेपनि कतिपय जिल्ला सदरमुकाममा समेत कोठा भाडामा पाउन समस्या छ । स्वास्थ्य सेवा सबैका लागि पहुँच योग्य तथा सर्वशुलभ हुन सकेको छैन। स्वास्थ्य सस्थामा दरबन्दी अनुसारका कर्मचारीको अभाव छ। सरकारले नि:शुल्क रुपमा दिने भनेका केहि सामान्य औषधीमा नागरिकको पहूँच भएपनि सबै प्रकारका औषधीमा पहुँच पुग्न नसकेको देखिन्छ ।

स्वास्थ्य अधिकारको कुरा गर्दा यस बर्ष मात्रै १२ हजार २५३ जना डेंगु रोगबाट संक्रमित भएका छन् । अस्पतालको वातावरण बिमारी तथा कुरुवा मैत्री नहुनुका साथै शौचालयहरुमा सरसफाईको अवस्था कमजोर रहेको देखिन्छ । उद्योग तथा कलकारखानाबाट निस्केको धुवा, धुलो तथा ध्वनीले वातावरण प्रदुषित भईरहेको छ भने रोकथामका उपायहरु अबलम्वन गरिएको भएपनि प्रयाप्त नभएको देखिन्छ ।

बागमती प्रदेशमा बाढी पहिरोमा परि असोज महिनामा विभिन्न जिल्लामा १३९ जनाको मृत्यु भएको छ । बाढी पहिरोबाट घरबार बिहिन भएकाहरु महिना दिन बितिसक्दा पनि पुनर्स्थापीत हुन नसकेको राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले समयमै सुरक्षित र हन सूचना जारि गरेता पनि जिल्ला दैविप्रकोप उद्धार समिति, स्थानीय विपद व्यवस्थापन समितिले पूर्वतयारी गर्न नसकेको कारण ठूलो जन धनको क्षति भएको पाईयो ।

यस प्रदेशमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था विगतको भन्दा सुधारोन्मुख भए पनि हत्या तथा आत्महत्याका घटना भइरहेका छन । नयाँ प्रबिधिसंगै हुने यस्ता अपाराधिक गतिविधिले प्रहरीको अनुसन्धानमा चुनौती थपिएको देखिन्छ । कारागार तथा प्रहरी हिरासत भित्र कैदीवन्दीको मृत्यु भएको घटनाबाट पनि बाँच्न पाउने अधिकार सुनिश्चित हुन नसकेको पुष्टि गर्दछ । सवारी दुर्घटना, बाढी पहिरो जस्ता दैविप्रकोपबाट पनि वर्षेनी नागरिकले ज्यान गुमाउनु परेको छ । यस प्रदेशका प्राय: कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राख्नु तथा कार ागार कार्यालयको भौतिक पूर्वाधार तथा आन्तरिक व्यवस्थापन कमजोर रहदा बन्दी तथा थुनुवाहरुले न्यूनतम आधारभूत मानव अधिकार को उपभोग गर्न पाएका छैनन् । द्वन्द्वकालिन घटनाहरुको हाल सम्म पनि सम्वोधन हुन सकेको छैन । द्वन्द्वकालिन घटनाहरुको सम्वन्धमा एकिन तथ्यांकको अभाव छ । संघ सस्था, संवैधानिक आयोग तथा नेपाल सरकारको तथ्यांकमा समेत एकरुपता छैन । आर्थिक रुपले विपन्न, सिमान्तकृत, यौनिक तथा लैगिंक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, मानसिक स्वास्थ्य समस्या वा मनोसममाजिक अपाङ्गता भएका व्यक्तिलाई घर परिवार गाउँ समाज र सरकारले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तनको खाँचो छ । स्थानीय तहले उनीहरुको एकिन तथ्याङ्क तयार पार्न खोजेतापनि पूर्ण हुन नसको अवस्था छ । आप्रवासीको अधिकारको कुरा गर्दा विदेश पठाई दिने निहुमा ठगिएका, विदेश गएर तलब नपाएका, स्वस्थ मान्छे बिमारी भएर रितो हात घर फर्कि आएका तमाम घटना यस प्रदेशमा पनि छन । आदिवासि जनजातीको कला संस्कृतिको समय सापेक्ष प्रवद्धन हुन सकेको छैन । मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना तथा महिला शान्ति र सुरक्षा सम्वन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाको अधिकास स्थानीय तहमा समिति समेत गठन हुन नसेको र आयोगको अनुगमनका क्रममा केहि स्थानीय तहले आफूहरुलाई सो को वारेमा जानकारीनै नभएको र अब तत्काल बैठक बसि उक्त समिति गठन गर्ने प्रतिवद्धता जनाएका छन ।

शहरमा मात्र हैन ग्रामीण स्तरमा समेत उपभोक्ता अधिकारको अवस्था कहालि लाग्दो छ । नागरिकले स्वच्छ तथा गुणस्तरीय वस्तुको उपभोग गर्न पाएका छैन्न । एउटै बजारमा एउटै बस्तुको मुल्य फरक फर क छ । सरोकारवालाहरुबाट गरिने अनुगमन चाडपर्वमुखी भएको पाईन्छ भने तीनै तहका सरकारका बीचमा समन्वयको अभाव देखिन्छ । समयको परिवर्तनसँगै गाउँ समाजमा लागु औषध तथा मादक पदार्थ सेवन गर्नेको संख्या दिनप्रतिदिन बढदो छ । घरबाट विद्यालय पठाएका बालबालिका यस्को कुलतमा फस्दै गएका छन । समयमै सरोकारवालाले यस तर्फ ध्यान दिएन भने यस्ले विकरालरुप नलेला भन्न सकिन । अधिकारको कुरा जतातै गरिएता पनि कर्तव्यको कुरा व्यवहारमा नआउदा मानव अधिकार को संरक्षण हुनुपर्ने ठाउमा हन्न भई रहेको छ । समाजमा दण्डहिनताले प्रसय पाउदा नागरिकमा असन्तुष्टि बढनुका साथै सेवाप्रदायक निकायमा कार्यरत कर्मचारीको समेत मनोवल र उत्प्रेरणामा ह्रास आएको देखिन्छ। घर परिवार गाउँ समाज कार्यालय राजनीतिक दल लगायत सबैतिर ईमान्दारिता र नैतिकताको अभाव हुदा मानव अधिकार सँस्कृतिको विकास हुन सकेको छैन ।

आयोगको बागमती प्रदेश कार्यालयमा आ.व. २०८०/०८१ मा मात्रै मानव अधिकारको हन्न भएको भनि नागरिक तथा राजनीतिक अधिकार मा ११ वटा, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारमा ३ वटा, यातनामा २ वटा, बाल अधिकारमा १ वटा, महिला अधिकारमा १ वटा, जातीय विभेदमा १ वटा, अपांगता भएका व्यक्तिको अधिकारमा ४ वटा तथा अन्यमा ३ वटा गरी जम्मा २६ वटा उजूरी दर्ता भएका छन भने पुराना उजूरी ५९६ रहेका छन । ७३ वटा उजुरीको अनुसन्धान समपन्न भई कानूनी प्रक्रियामा गए पश्चात हाल ५४९ उजूरी आयोगमा अनुसन्धानको क्रममा रहेका छन । यस आ.व. मा नागरिक तथा राजनैतिक अधिकारमा १ वटा, आर्थिक सामाजिक तथा सांस्कृक्तिक अधिकारमा १ वटा, बाल अधिकारमा ३ वटा, महिला अधिकारमा २ वटा, गरी जम्मा ७ वटा उजुरी दर्ता भएका छन भने हाल सम्म बिभिन्न विषयका २७ उजुरीहरुको अनुसन्धान सम्पन्न भएको छ । यस आ.व. मा बाढी पहिरोले पारेको प्रभाव, एकद्वार संकट व्यवस्थापन केन्द्रको प्रभावकारिता, शिक्षाको अधिकार, हिरासत, अत्याधिक चाप हुने सरकारी कार्यालयमा सेवाग्राही को आधारभूत मानव अधिकार, स्थानीय तहको उपनिर्वाचन, दोलखा तथा रामेछाप जिल्ला मा मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना तथा महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी दोस्रो राष्ट्रिय कार्ययोजना को अवस्था लगायतको अनुगमन गरेको थियो ।

प्रदेश सरकार र स्थानीय सरकारले बजेट विनियोजन गर्दा मानव अधिकारमुखी विकास पद्धतीलाई केन्द्रबिन्दुमा राख्नु पर्ने देखिन्छ । विकासको केन्द्र विन्दु मानिस भएकोले सरकारको नीति, योजना, बजेट कार्यक्रम आम नागरिकको सार्थक सहभागितालाई जोड दिदै विकास निर्माणका कार्यमा योगदान गर्ने वातावरण निर्माण गर्नु पर्दछ। त्यसै गरी विकासको प्रतिफल भौगोलिक रुपमा विकट रहेका जिल्ला र ग्रामिण क्षेत्रलाई पुर्‍याउनु पर्ने देखिन्छ । लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता, लगायतका आधारभूत लोकतान्त्रिक मूल्य र मान्यता मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति राज्यको कुनै एक निकायको एकल पहल र प्रयासले मात्र संभव नभएकाले यस्को व्यवहारिक कार्यान्वयनको लागि तीनै तहका सरकार, संवैधानिक आयोगहरु, नागरिक समाज, मानव अधिकार रक्षक, सामाजिक संघ संस्था, संचारकर्मी निजी तथा व्यवसायिक क्षेत्रहरूको संयुक्त प्रयास, समन्वय र सहकार्यबाट मात्र संभव देखिएको छ । त्यसैले मानव अधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा कार्यरत हामी सबैको भूमिका अहम र महत्वपूर्ण छ ।

लेखक: उपसचिव भट्ट,राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालयका प्रमुख हुन् ।

२०८१ मंसिर २७ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

लैङ्गिक हिंसा विरुद्धको अभियान



✍ माया तामाङ / कुमारी वाइबा

पृष्ठभूमी: सन १९६० को नोभेम्बर २५ का दिन डोमानिकन रिपब्लिकका मिरावल परिवारका ३ साहसिक दिदि वहिनी पार्टिया, मनिर्भा र मारियाको तात्कालिन त्रिजुलो सरकारले गरेको हत्याको दिनको संझनामा यो दिवस मनाउन शुरु गरिएको थियो । तत्कालिन सरकारको तानाशाही शासनका बिरुद्धमा आवाज उठाएका ती दिदि बहिनीका श्रीमानलाई सर कारले बन्दी बनाएको र श्रीमानहरुलाई जेलमा भेटेर फर्कने क्रममा निर्मम हत्या गरी दुर्घटनाको संज्ञा दिईएकोमा अधिकारकर्मीले त्यस घटनालाई स्वीकार गरेनन् र त्यसको विरुद्ध आवाज उठाईरहे ।

Unforgetable Butterflies को उपनामले चिनिने ती तीन दिदि वहिनीहरुको बलिदानी त्याग र उच्च साहसको सम्मान गर्दै सन् १९९१ मा Center For Global Leadership (CWGL) को सहयोगमा विभिन्न २० देशका २३ जना उत्साहित महिलाहरुको एक समुहले शुरु गरेको लैङ्गिक हिंसाविरुद्धको अभियान प्रत्येक वर्ष नोभेम्बर २५ तारिख (महिला हिंसा बिरुद्धको दिवस) देखि शुरु भई डिसेम्बर १० तारिखका दिन (अन्तराष्ट्रिय मानव अधिकार दिवस) १६ दिन सम्म मनाउने गरिन्छ र यस बीचमा अन्य विभिन्न दिवसीय कार्यक्रमहरु समेत रहेका छन् ।

त्यसको झण्डै तीन दशक पछि सन १९९९ डिसेम्बर १७ मा ग्ल्इ ले ७४ सदस्य राष्ट्रबाट प्रस्तावित लैङ्गिक हिंसा बिरुद्धको दिवसीय अभियानलाई महासभाबाट सर्वसम्मत पारित गरी मान्यता प्रदान गरे पश्चात विश्वव्यापी रुपमा यसको थप महत्व बढ्न गएको पाईन्छ ।

नेपालमा लैङ्गिक हिंसा बिरुद्धको अभियान:

महिला तथा बालिकाको मानव अधिकार संरक्षण गर्न, उनीहरुको सम्मानपूर्वक बाच्न पाउने हक सुनिश्चित गर्न तथा विकासको समान साझेदारको रुपमा स्थापित गरी लैगिंक समानता कायम गर्न नेपालमा २०५४ सालदेखि २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म (मंसिर ९ देखि २४ गतेसम्म) लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गर्दै आइरहेको छ ।

नेपाल सरकारको मिति २०६६।५।२६ को निर्णय अनुसार सन् २०१० लाई लैङ्गिक हिंसा विरुद्धको वर्ष" को रुपमा मनाउन घोषणा गरेको र सो बमोजिम "लैङ्गिक हिंसा विरुद्ध राष्टिय कार्ययोजना २०१० समेत १ वर्षका लागि कार्यान्वयन भईसकेको । सो कार्ययोजनाको कार्यान्वयनबाट केही नीतिगत तथा संरचनागत उपलब्धि हासिल भएता पनि लैङ्गिक हिंसा तथा विभेद सामाजिक विकृतिजन्य समस्या भएकोले यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता सहित दीर्घकालिन योजनाको रुपमा ल्याउनु पर्ने महशुस गरिएको । एक वर्षे कार्ययोजना कार्यान्वयनको अनुभवबाट दीर्घकालिन योजना तर्जुमा गर्ने सोच अनुरुप लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व.२०६९।०७०-२०७३.०७४) कार्यान्वयन भईसकेको । प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट नयाँ कार्ययोजना निर्माण प्रक्रिया प्रारम्भ गरिएको । हालै नयाँ सरकार गठन पश्चात प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा सामाजिक विकास तथा रुपान्तरण महाशाखा र सो अर्न्तगत 'महिला, बालबालिका, ज्येष्ठनागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा' स्थापना गरिएको ।

यस वर्ष ***"हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता"*** भन्ने अन्तर ाष्ट्रिय नारासाथ अन्तर्राष्ट्रिय महिला हिंसाविरुद्धको १६ दिने अभियानमा विश्वभर चेतनायुक्त कार्यक्रम आयोजना गरि मनाईएको छ र नेपालमा पनि लैङ्गिक हिंसा र दुर्व्यवहार, छैन हामीलाई स्वीकार भन्ने राष्ट्रिय नाराका साथ मनाइएको छ ।

सेतो रिवन अभियान: सन १९८९ डिसेम्बर ६ का दिन क्यानडाको मोन्छेरल विश्वविद्यालयको पोलिटेन्किन (Politenkin) कलेजमा मार्क लेपिन नामक एक २५ वर्षे युवकले १४ जना छात्राहरुको सामुहिक हत्या गरेको थियो । बन्दुक र धारिलो हतियार सहित कलेजको तेश्रो तलामा पुगेको ती युवकले छात्राहरुलाई छात्रबाट अलग गरी तिमिहरुलाई यहा बस्ने अधिकार छैन भन्दै एकतर्फ जम्मा गरी हत्या गर्न शुरु गरेका थिए । त्यस पछि अन्य कोठामा गई छात्राहरु खोजी खोजी हत्या गरी अन्त्यमा आफूले समेत आत्महत्या गरे । घटनास्थलमा भेटिएको सुसाइड नोट अनुसार उनी महिलाहरु प्रति निकै आक्रोसित रहेको र देशका विभिन्न १९ जना महिलाहरुको हत्या गर्ने लिष्ट समेत तयार गरेको पाइएको थियो ।

यसै घटनाको संझनामा क्यानडाका केही उत्साहित युवाहरुको प्रयत्नमा सन १९९१ मा जम्मा ६ हप्ताको तयारीमा करिव १ लाख व्यक्तिहरुको सहभागितामा महिला हिंसा बिरुद्ध पुरुषहरुलाई जागरुक बनाउने उद्धेश्यले अंग्रजी वर्णमालाको Violence को v अक्षर लाई उल्टो बनाउदा हुने आकारमा लगाईने सेतो रिवन "म हिंसा गर्दिन, म आफू हिंसा सहन्न र देखेमा प्रतिकार गर्दछु (Zero Tolerence)" को मान्यता र प्रतिबद्धतामा आधारित अभियान हो । यो रिवन खास गरी १६ दिने अभियानमा लगाउने गरिन्छ र युरोपका केही मुलुकहरुमा १६ दिने अभियानको अवधिमा संसदमा समेत सेतो रिवन लगाउने प्रचलन रहेको पाईन्छ ।

लैङ्गिक हिंसाको परिभाषा:

CEDAW का अनुसार "महिला बिरुद्ध हुने सबै प्रकारका हिंसा र बिभेद भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भएता पनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्य पार्ने उद्धेश्य भएको, लिङ्गको आधारमा हुने कुनैपनि भेदभाव वा बहिस्कार वा प्रतिबन्ध सम्झनु पर्दछ ।

लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न बनेको ऐन, २०७२ ले कानुनमा लैङ्गिक हिंसाको परिभाषा समेटेको छ जस अनुसार "लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य, वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ" भन्ने परिभाषा गरेको छ ।

नेपालमा लैङ्गिक हिंसा सम्बन्धमा भएका प्रगति र चुनौतीहरु

लैंगिक हिंसा अन्त्यका लागि अन्तरराष्ट्रिय प्रतिबद्धताहरु भएका छन् । जुन यस प्रकार छन्:

- मानव अधिकारको बिश्वव्यापी घोषणा १९४८
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
- जातीय भेदभाव उन्मुलन सम्बन्धी महासन्धि १९६९
- महिला बिरुद्द हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९
- बेइजिंग घोषणा तथा कार्ययोजना १९९५
- संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२०
- दीगो विकासका लक्ष्य, २०१५ - २०३०

नेपालको ऐन कानुनमा भएको सफलता

नेपालको संविधानको धारा १८ समानताको हक राज्यले नागरिकका विच लिङ्गको आधारमा कुनैपनि भेदभाव नगर्ने, लैङ्गिक आधारमा पारिश्रमिक र सामाजिक सुरक्षामा भेदभाव गरिने छैन, पैत्तृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुनेछ ।

संविधानमा उल्लेखित महिला सम्बन्धी व्यवस्थाहरु:

आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने, राज्यको संरचना गर्दा समानतामा आधारित समतामुलक समाज, समवेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने, समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था, राष्ट्रिय महिला आयोग संवैधानिक निकायको रुपमा रहने र सो का अध्यक्ष र सदस्यहरु महिला मात्र रहने, राष्ट्रिय महिला आयोगले आवश्यकता अनुसार प्रदेशम कार्यालय स्थापना गर्न सक्ने, संवैधानिक अंग र निकायमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गर्ने, नेपाली राजदुत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्त गरिने, सवै सरकारी सेवामा पदपुर्ति गर्दा खुला र समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्ने, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष ब्यवस्था गरिने ।

संविधानमा उल्लेखित सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति

असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुन:स्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने, बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने ।

गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार:

सामाजिक सुरक्षा र गरिबी निवारण तर्फ:
स्थानीय नीति, कानून, मापदण्ड, नियम, अध्ययन, अनुसन्धान,लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन
वडा समितिको काम, कर्तव्य र अधिकार ।

वडाभित्र आर्थिक र सामाजिक रुपमा पछि परेका महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक अल्पसंख्यक, सीमान्तीकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने ।

बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने ।

लैङ्गिक हिंसा निवारणका लागि विशेष पहल

घरेलु हिंसा बाट प्रभावितहरुका लागि १७ जिल्लामा अल्पकालिन आश्रय सहितको जिल्ला सेवा केन्द्र तथा सामुदायिक सेवा केन्द्रहरुको स्थापना र सञ्चालन गरिएको, अब क्रमश: स्थानीयतहमा हस्तान्तरण हुँदै गरेको, मानव बेचविखनबाट प्रभावितहरुका लागि गैससको सहयोगमा १० जिल्लामा पुनस्थापना केन्द्र सञ्चालन भै रहेको, मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र काठमाण्डौमा सञ्चालन भै रहको, महिला संस्थाअन्तर्गत लैङ्गिक हिंसा निगरानी समुह गठन तथा परिचालन गरिएको, राष्ट्रिय महिला आयोगबाट लैङ्गिक हिंसा निवारणका लागि २४ घण्टे ११४५ हटलाईन सेवा (उपत्यका तथा नुवाकोट) सञ्चालन भै रहेको ।

लैंगिक हिंसा अन्त्य सम्बन्धमा देखिएका समस्या तथा चुनौती

लैंगिक हिंसालाई बढावा दिने सामाजिक संरचना, सोंच, मूल्य, मान्यता, प्रथा, परम्परा, हानिकारक अभ्यास कायमै रहनु, यस्को कारणले हुने गरेका हिंसालाई सामाजिक रुपमा स्वीकार गर्नु ।

लैंगिक हिंसाको नयाँ स्वरूपहरु देखिदै जानु विकास, शान्ति र समानताको प्रमुख मुद्दाको रुपमा ग्रहण गर्न नसक्नु, लैंगिक हिंसा सम्बन्धी पूर्ण, खण्डीकृत तथ्यांक नहुनु, लैंगिक हिंसा सम्बन्धी कार्यक्रम संघ, प्रदेश र स्थानीय तहबाट एकीकृत रुपमा संचालन गर्नु (यस सम्बन्धी संस्थागत संयन्त्र, प्रणाली र क्षमता विकास गर्नु), हिंसा पीडितको न्यायमा पहुँच स्थापना गर्ने कार्य, हिंसा पीडितको पारिवारिक तथा सामाजिक पुनर्स्थापना गर्नु (मुख्यत: मानसिक समस्या भएका पीडित) दबाव, अनुचित प्रभाव तथा मिलापत्रवाट पीडकले सजाय नपाउनु, पश्चिमेली संस्कार भित्रीनु र संचार साधनहरूको दुरुपयोगले गर्दा महिला हिंसामा सहजता थपिदिएको छ, ।

कानुनी ज्ञानको अभाव, चेतना र शिक्षा दिक्षामा कमि हुनु

अबको बाटो: लैङ्गिक हिंसाको कारण धेरैको जीवन तहस नहस भएको छ । महिला हिंसा महिलाको मात्र सरोकारको विषय नभई सबैको साझा सरोकारको विषय भएकाले सबैले यसलाई आत्मसात गरी हिंसा न्यूनीकरणका निम्ति समन्वयत्माक ढंगले अगाडि बढ्नुपर्ने देखिन्छ ।

पितृसतात्मक सोचलाई तोड्दै सहअस्तित्वको भावनालाई आत्मसात गरी लैगिंक विभेद अन्त्यका लागि सबैले भूमिका निर्वाह गर्नुपर्ने आजको आवश्यकता हो । महिला र बालिकाहरु हिंसाबाट बढी प्रताडित हुने हुदाँ महिला र बालिकाको शिक्षा, आर्थिक सक्षमता तथा समग्र सशक्तिकरणका लागि पहल गरिनुपर्ने छ ।

यसैगरी महिला हिंसा अन्त्य र महिला सशक्तिकरणका लागि पुरुषजनको सहभागिता र सहयोग अभिवृद्धि गर्नुपर्ने, परिवर्तित राज्य संरचना अनुसार स्थानीय तहमा लैगिंक हिंसा सम्बन्धी सवालहरुलाई आन्तरि कीकरण गरी हिंसा निवारणका लागि आवश्यक कार्यक्रम तथा कार्ययोजना सहित अघि बढ्नुपर्ने,लैगिंक हिंसा विरुद्ध शुन्य सहनशिलता कायम गर्नेपर्ने,महिला वर्गलाई दोस्रो दर्जाको नागरिकको रुपमा नहेरी सम्मानजनक दृष्टिकोण र व्यवहार गरिनुपर्ने, न्याय प्रणालीलाई सरल,सहज, छिटो छरितो बनाइनुपर्ने, हिंसाका घटनाहरुलाई उजागर गर्नुपर्ने र हिंसाको विरुद्ध आवाज उठाउने, समाजमा व्याप्त कुरिती, कुसँस्कार र प्रथालाई हटाउदै जाने जस्ता सवालमा अब ध्यान दिनु जरुरी छ । हुन त यि पाटाहरुमा वर्षौदेखि काम गरिदै आएको छ, यद्यपी हालसम्मको कामको समिक्षा गर्दै अबको बाटो तय गर्नुपर्ने देखिन्छ ।

(अभियनको क्रममा कार्यक्रममा प्रस्तुत सामग्री सम्पादन गरि तयार पारीएको ।)

सहीरबर

विविध

२०८१ मंसिर २७ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७






अभियान विशेष फोटो फिचर









सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ मंसिर २७ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान विशेष गीतिनाटक प्रस्तुत





माइती नेपाल, हिमराइट्स र मकवानपुर महिला समूहको सयुक्त आयोजनामा लैङ्गिक हिंसा विरुद्ध सचेता अभिवृद्धिको उदेश्यले मकवानपुरको मनहरी ४ स्थित पशुपतीनाथ माविमा गिति नाटक प्रदर्शन गरिदै ।

○ सहीखबर संवाददाता

मकवानपुर । लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान अन्तरगत हेटौंडामा चेतनामूलक गीतिनाटक प्रस्तुत गरिएको छ ।

'लैंगिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता' भन्ने नाराकासाथ मनाइदै गरिएको अभियानको १२ औं दिन हेटौंडा-१०, बसपार्कमा गीतिनाटक प्रस्तुत गरिएको हो । गीतिनाटकमा शारीरिक अशक्तता भएका महिला, छाउपडी, मानव बेचबिखन, एकल महिला, बोक्सीको आरोप जस्ता सवालमा लिङ्गकै आधारमा हुने हिंसा विरुद्ध सचेतनाको विषय प्रस्तुत गरिएको थियो ।

विभिन्न प्रकारको हिंसाजन्य घटनाहरु भएमा त्यस उपर न्यायको लागि कहाँ को सँग सम्पर्क गर्ने कसरी अघि बढ्ने भन्ने सवाल समेत नाटक मार्फत जानकारी गराइएको थियो । सामुदायिक प्रहरी उपसेवा केन्द्र बसपार्क, माइती नेपाल, लैंगिक हिंसा नियन्त्रण जिल्ला सञ्जालको आयोजना तथा, साना हातहरु, शान्ति फाउन्डेसन, सुनिता फाउन्डेसन, ग्रीन फाउन्डेसन, मानव अधिकार संगठन, हिमराइट्स्, कोशिस, न्यानो आगन, मकवानपुर महिला समूह,महिला तथा बालबालिका र ज्येष्ठ नागरिक सेवाकेन्द्रको समन्वयमा कार्यक्रम गरिएको सेवा केन्द्र प्रमुख संगीता लामाले बताइन् ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिका १० नम्बर वडाध्यक्ष फुर्वा दोर्जे लामाले यस्ता चेतनामूलक कार्यक्रममा संघसंस्थामात्र नभइ सबै जनता एकाकार हुनुपर्ने बताए । मकवानपुरका डीएसपी श्यामु अर्यालले नाटक सान्दर्भिक भएको बताउँदै हिंसाविरुद्ध प्रहरीले दैनिकजसो नागरिकमा चेतना फैलाउने गरेको बताए ।

सामाजिक विकास मन्त्रालय महिला विकास अधिकृत चन्द्र कुमारी ब्यञ्जनकार , गैरसरकारी संस्था मकवानपुर अध्यक्ष रमिला सापकोटा, मानव अधिकार संगठन अध्यक्ष शर्मिला श्रेष्ठ, फ्रेन्ड्स हेटौंडाका बिनोद ढकाल, ट्राफिक प्रहरी केशब अधिकारीलगायतको उपस्थिती थियो ।

यसअघि उक्त गीतिनाटक मनहरी गाउँपालिका-३ स्थित पशुपतिनाथ मावि, बकैया गाउँपालिकामा समेत प्रदर्शन गरिएको थियो । सामुदायिक प्रहरी सेवा उपकेन्द्र अध्यक्ष प्रदीप कंडेलको सभाध्यक्षतामा तथा हेटौंडा १० का वडाध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्यता भएको कार्यक्रमको सहजीकरण माइती नेपाल मकवानपुर संयोजक माया लामाले गरेकी थिइन् । यात्राको क्रममा सचेत भएर यात्रा गर्न, शंकाष्पद अवस्थामा थप जानकारी लिनको लागि यस्ता नाटकहरुले सचेत पार्ने माइती नेपाल प्रमुख तामाङले बताइन् ।

हिंसा पीडित महिलालाई सहयोग

मकवानपुर । जिल्ला समन्वय समिति मकवानपुरले हिंसामा परेका महिलालाई महिलालाई आर्थिक सहयोग गरेको छ ।

लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत हिंसामा परेका ५ जना महिलालाई ५/५ हजार रुपैयाँ नगद सहयोग गरिएको हो ।

जिल्ला समन्वय समिति मकवानपुर का प्रमुख ललितबहादुर घलानको अध्यक्षतामा बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयकी मन्त्री हरिप्रभा खड्कीले महिलालाई आर्थिक सहयोग गरेकी हुन् ।

सहयोग उपलब्ध गराउँदै मन्त्री खड्कीले लैङ्गिक हिंसा न्यूनीकरण गर्न दिन दिनै विशेष विशेष चुनौति बढीरहेको बताइन् । केही पाटोमा सफलता प्राप्त भएका तर केही पाटोहरुमा झन् झन् समस्या र चुनौती बढीरहेको मन्त्री खड्कीले बताइन् ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख सानुकाजी लुइँटेल, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्याल लगायतको उपस्थिति थियो ।

लैङ्गिक हिंसाबाट सचेत बनौं, बेचविखन विरुद्ध लागौं

शारीरिक हिंसाः ☞ कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घरबाट निकाला गर्ने,

मानसिक हिंसाः ☞ गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

यौनजन्य हिंसाः ☞ यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहब्यापारमा लगाउने,

यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटना बिरूद्ध सचेत होऔं ।

वेचबिखन विरुद्ध एकजुट होऔं, बेचविखन संभावितलाई समयमै सचेत बनाउन आ-आफ्नो स्थानबाट लागिपरौं ।

मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ, मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं, सबैको मानव अधिकारको सम्मान गरौं ।

माया तामाङ (प्रमुख) एवम् माइती नेपाल मकवानपुर

सहीखबर

विविध

२०८१ मंसिर २७ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

हिंसा विरुद्ध सरकारी प्रयास, कागजमा धेरै व्यवहारमा थोरै



○ सहीखबर संवाददाता

मकवानपुर । हरेक वर्ष लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान मनाउने गरिन्छ । विभिन्न गैरसरकारी संस्थाहरुमा आवद्ध अभियानकर्मीहरुले वर्षैभरी हिंसा विरुद्ध लागिरहेको बताउँछन् तर हिंसाको अवस्थालाई कानूनी व्यवस्थाले प्रभाकारीता देखाउन सकेको छैन ।

सरकारी तवरबाट हिंसा न्यूनिकरण तथा उन्मुलनको बनेका ऐन, कानून, नीतिहरुको प्रभावकारी कार्यान्वयन नहुँदा कागजमा धेरै राम्रो देखिएता पनि व्यवहारमा कम देखिने गरेको छ । यसबारे सधैजसो गुनासो सुन्ने गरिन्छ । नीति, निर्देशिका बन्नुअघि नै सरोकारवालासँग सहकार्य नभएको कारण अवस्था अनुसारको कानूनी व्यवस्था नहुदा कार्यान्वयनमा समस्या हुने गरेको बताइन्छ ।

यद्यपी मानव अधिकार संरक्षण तथा हिंसा मुक्त समाजको लागि सरकारले विभिन्न स्वरुपमा विभिन्न प्रयासहरु जारी राखेको बागमती प्रदेशको मुख्यमन्त्री बहादुर सिं लामा बताउँछन् । राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेशको आयोजनामा अन्तराष्ट्रिय मानव अधिकार दिवस विशेष कार्यक्रममा उनले यस्तो बताएका हुन् । "नेपालको संविधानले हिंसा रोक्ने र मानव अधिकारको प्रत्याभुत गर्ने कल्पना गरेको छ, यसलाई स्वीकार गर्नु र कायान्वयन गर्नु प्रत्येक नागरिकको कर्तव्य समेत हो" मुख्यमन्त्री लामाले भने । कानूनलाई कार्यान्वयनमा ल्याउने सबैको कर्तव्य भएको उल्लेख गर्दै उनले भने "संविधानले राज्यको ३ तहको सरकारबाट मानव अधिकारको रक्षा गर्ने कल्पना गरेको छ, यसलाई कार्यान्वयमा सबैले सहयोग गर्नुपर्छ ।"

मानव अधिकार प्रत्याभुत र हिंसा न्यूनिकरणको लागि अन्तराष्ट्रिय परिवेशभन्दा नेपालको परिपेक्षमा नै हेरिनु पर्ने उनले बताए । नेपालको सन्दर्भमा छुवाछुत, महिला हिंसा जस्ता अपराधलाई बढवा दिने सबै प्रकार को कुरिति, कुप्रथाको विरुद्ध लाड्नु पर्ने उनले बताए । बागमती प्रदेशमा मानव अधिकारको अवस्था सन्तोषजनक भएको भन्दै उनले मानव अधिकार कार्यान्वयनको पाटो कमजोर भएको गुनासाहरु आउने गरेका छन् । नेपालको परिपक्षमा कस्ता कस्ता घटना भएका छन् र मानव अधिकारको हनन भएको छ भन्ने सवाल प्रमुख हो ।

मानव अधिकारको हनन् लडाई, युद्धहरुमा बढी हुन्छ, तर नियमित कार्य, नियमित गतिविधिहरुमा पनि मानव अधिकारको हनन् हुने गरेको प्रति निगरानी आवश्य भएको उनले बताए ।

कार्यक्रममा मानव अधिकार आयोग बागमती प्रदेशका प्रमुख उप सचिव पवनकुमार भट्टले विभिन्न सवालमा मानव अधिकारको अवस्था अझै नाजुक र हेको प्रस्तुतिकरण गरेका थिए । आयोगको बागमती प्रदेश कार्यालयमा आर्थिक वर्ष २०८०/०८१ मा मात्रै मानव अधिकारको हन्न भएको भनि नागरिक तथा र ाजनीतिक अधिकारमा ११ वटा, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारमा ३ वटा, यातनामा २ वटा, बाल अधिकारमा १ वटा, महिला अधिकारमा १ वटा, जातीय विभेदमा १ वटा, अपाङ्गता भएका व्यक्तिको अधिकारमा ४ वटा तथा अन्यमा ३ वटा गरी जम्मा २६ वटा उजूरी दर्ता भएको उनले बताए ।

नागरिकको दैनिक सेवामा कार्यरत निकायले काम (कारवाही) गरी नदिएको भनी प्रहरी तथा प्रशासनका सम्बन्धमा आयोगको कार्यालयमा केहि उजुरी तथा गुनासाहरु आएको भट्टले बताए । सर्वसाधार णको लागि न्याय महगो भएको, पहुँच बाहिर रहेको भट्टले बताए ।

यता बागमती प्रदेशको समाजिक विकास मन्त्रालयले पनि अभियान विशेष विभिन्न कार्यक्रमक गरेको मन्त्री हरिप्रभा खड्गीले बताइन् ।

समाजिक विकास मन्त्रालयले अभियान विशेष लेखन प्रतियोगिता, प्यानल छलफल जस्ता कार्यक्रम मार्फत हिंसा अवस्था, ऐन कानूनको व्यवस्था तथा अबको आवश्यकता बारे विभिन्न सरोकारवाला निकायहरुको उपस्थितीमा प्यानल छलफल कार्यक्रम गरिएको हो ।

आजको आवश्यकता, समान सहभागीता

● एच.आइ.भी संक्रमित/प्रभावितहरुलाई हेला र दुर्व्यवहार हैन, माया, सद्भाव र प्रेरणा दिने गरौं, सबैको साथ पाए संक्रमित/प्रभावितहरुले पनि समाज र राष्ट्रको लागि अन्यले सरह योगदान गर्न सक्दछन् ।

● हिंसा सहेर नबसौं, हिंसाको प्रतिकार गरौ, हिंसा नगरौ लैङ्गिकताको आधारमा हुने सबै प्रकारको हिंसाको अन्त्य गरौ ।

● हिंसा गर्नु अपराध हो, हिंसा सहनु पनि अपराधलाई सघाउनु हो, त्यसैले हिंसाको खुलेर प्रतिकार गरौं हिंसामुक्त समाजको लागि आजैबाट आफैंबाट पहल सुरु गरौ ।

● समाजमा परिवर्तनमा महिला,पुरुष तथा लैङ्गिक अल्पसंख्यक सबैको उत्तिकै योगदान/सहभागीता रहन्छ ।

त्यसैले सबैसँग सहकार्य गरौं, लिङ्गका आधारमा कोही कसैमाथि हिंसा, दुर्व्यवहार जस्ता कार्य नगरौ । सबैको समान सहभागीता स्वीकार गर्ने बानि बसालौं ।

कमला सुवेदी अध्यक्ष

निशा लामा कार्यक्रम संयोजक एवम्

मकवानपुर महिला समूह हेटौंडा

मानवअधिकारको सम्मान गरौं

☞ मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,

☞ मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ, श्रमानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,

☞ मानवअधिकार उल्लंघन नगरौं, सबैको मानव अधिकारको सम्मान गरौं,

मानवअधिकारको उल्लंघन भए गरेको पाइएमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मानव अधिकार सबैको सरोकार

✍ स्थानीय सरकारमा सिमान्तकृत समुदायका युवाको सहभागीता अनिवार्य गराऔं ।

✍ सुशासन र स्थानीय विकासको मुलधारमा सिमान्तकृत युवाहरुको सहभागीता अनिवार्य छ, हरेक निकायमा यसको सुनिश्चित गरौं ।

✍ सिमान्तकृत विशेषगरी चेपाङ समुदायको शिक्षा तथा नेतृत्व विकासमा पहल गरौ ।

मनन गरौ कि लैंगिक हिंसा अन्त्यका लागि पुरुषहरूको पनि सहभगिता अनिवार्य छ ।

कुमारी वाइवा शाखा कार्यक्रम संयोजक एवम्

हिमराइटस् मकवानपुर परिवार